आज मिति २०८१/०१/१२ गते वुधवार विहान ८ बजे सुनिलसम्मृति गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा देहाय बमोजिमको निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| श्री मणिराम वुढाथोकी | संयोजक |
| श्री मिना थापा | सदस्य |
| श्री गोविन्द भट्टराई | सदस्य |
| श्री तुल्सि सुनार | सदस्य |
| श्री पदम प्रसाद रिजाल | सदस्य सचिव |

सहयोगि कर्मचारी

| | |
|---|---|
| श्री सुमन रिजाल | सूचना प्रविधि अधिकृत |
| श्री दुर्योधन महरा | प्रमुख, पर्यटन, वन वातावरण तथा विपद व्यवस्थापन उपशाखा |
| श्री टेकेन्द्र वि.क. | नगर प्रहरी जवान |

प्रस्ताव तथा निर्णयहरु :-

आज वसेको विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिको वैठकबाट तपसिल वमोजिमको निर्णय गरियो ।

तपसिल

१) सुनिलस्मृति गाउँपालिका वडा नं. २ हिले निवासी इन्द्रा पुनको मिति २०८१/०१/०७ गतेको गोठमा आगोलागि भई गोठ तथा पशु चौपाएको नोक्सानी भएको भनि प्रहरी मुचुल्का, वडाको सिफारिस सहित निवेदन प्राप्त भएको हुदाँ विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ८ (ख) बमोजिम तत्काल मर्मत संभारका लागि रु दश हजारका दरले राहत रकम उपलब्ध गराउने गराउने ।

२) सुनिलस्मृति गाउँपालिका वडा नं. २ को वन क्षेत्रमा मिति २०८१/०१/१० गते देखि लागेको आगोले मिति २०८१/०१/११ गते तिमिलेमा रहेका २ घर र ३ गोठहरु जलि पूर्णरुपमा नष्ट भएको र तत्काल गुजारा गर्नका लागि तपसिल बमोजिमको राहत सामाग्री उपलब्ध गराउने ।

<u>तपसिल</u>

| | |
|---|---|
| क. चामल | ५० के.जी. प्रतिघर |
| ख. नुन | २ के.जी. प्रतिघर |
| ग. तेल | २ लिटर प्रतिघर |
| घ. दाल | ५ केजी प्रतिघर |
| ङ. त्रिपाल | १/१ वटा प्रतिघर र गोठ |

३. गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न विपदबाट भएको क्षतिहरुमा राहत उपलब्ध गराउने विभिन्न संघ संस्था व्यक्तिहरुले गाउँपालिका संगको समन्वयमा मात्र हस्तान्तरण गर्ने निर्णय गरियो ।